जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १८ २०८२ साल साउन २३ गते शुक्रबार (8 Aug 2025 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : कसरी घट्लान् आमा ... ३ पृष्ठमा : मधेसमा अपराध घटे ... ३ पृष्ठमा : अमेरिकी कर युद्ध ...

# स्थानिय प्रशासन र आन्दोलनरत पक्षबीच पाँच बुदे सहमतिपछी आन्दोलन स्थगित



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

प्रहरीले चलाएको गोली लागि सप्तरीको राजगढ गाउँपालिका २ का एक युवकको मृत्युपछी उत्पन्न तनावपश्चात् स्थानिय प्रशासन र संघर्षरत पक्षबीच पाँच बुदे सहमति भएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बिहीबार प्रमुख जिल्ला अधिकारी भोला दाहाल रसंघर्ष समिति संयोजक दिपेन्द्र कुमार यादव सहितका सरोकारवालाहरुको बैठकले पाँच बुदे निर्णय गरेको हो ।

मंगलबार राती राजगढ गाउँपालिका २ कमलपुरमा प्रहरीको गोली लागी सोही पालिका खुवलाल जगन्नाथ शक्ती आधारभुत विद्यालय व्यवस्थापन समितीका अध्यक्षसमेत रहेका ३६ वर्षिय लालु प्रसाद यादवको मृत्यु भएको थियो । उक्त घटनाप्रति दुःख व्यक्त गर्दै सोको छानविन गरी सत्य तथ्य पत्ता लगाउन उच्चस्तरीय समिति गठनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने र क्षतिपूर्ति सम्बन्धमा छानवीन समितिको प्रतिवेदन बमोजिम हुने सहमति भएको छ ।

यस्तै मृतक यादवको शव परिवारजनले बुझी प्रचलित धर्म संस्कार बमोजिम अन्तिम संस्कार गर्ने, कमलपुरमा अवैध मदिरा रहेको सूचनाको आधारमा सर्च तथा बरामदीको लागि खटिएको प्रहरी टोलीको नेतृत्व गर्ने प्रहरी निरीक्षक बिरेन्द्र कुमार यादवलाई घटनाको छानवीन हुँदा सम्म जिम्मेवारीबाट अलग राख्न तालुक निकायमा अनुरोध गर्ने र आन्दोलनरत पक्षहरुले आन्दोलनका सबै कार्यक्रमहरु स्थगित गर्ने सर्वपक्षिय बैठकमा सहमति भएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए ।

सर्वपक्षिय बैठकमा आफूहरु संग भएको सहमति कार्यान्यवन हुने अपेक्षा राखेको भन्दै संघर्ष समितिका संयोजक यादवले आफूहरुले सारेका मागहरु पुरा नगरिए पुनः संघर्षमा उत्रिने चेतावनी समेत दिएका छन् । सहमति भएसँगै गजेन्द्रनारायण सिंह अस्पतालमा राखिको मृतक लालुको शव परिवारजनलाई बुझाउने प्रक्रिया थालिएको प्रहरीले जनाएको छ ।

यो सँगै बुधबार दिनभर तनावग्रत रहेको राजविराजको बिहीबार स्थिति सामान्य बनेको छ । राजगढ गाउँपालिकास्तरीय गठित सर्वदलीय समितिले बुधबार साँझ २४ घण्टे अल्टिमेटम दिदै माग सहितको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीलाई भोला दाहाललाई बुझाएका थिए ।

तस्करी नियन्त्रणका क्रममा अवरोध उत्पन्न भएपछि मंगलबार राती प्रहरीले गोली चलाउँदा सोही वडाका लालु प्रसाद यादवको मृत्यू भएको थियो । प्रहरीले सो स्थानबाट ८० कार्टुन विभिन्न ब्राण्डका मदिरा समेत नियन्त्रणमा लिएको थियो ।

भारततर्फ तस्करी प्रयोजनका लागी राखिएको मदिरो जफत गरेर लैजान्छौं भन्दा पनी नमानेको र प्रहरीलाई घेरा हालेर आक्रमण हुन थालेपछि गोली चलाउने अवस्था सिर्जना भएको प्रहरीको दावी छ ।

यता स्थानीयहरुले व्यक्तिलाई नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै पनि प्रहरीले गोली चलाएर ज्यान लिएको आरोप लगाउँदै आएका छन् ।

# बेवारिसे अवस्थामा फ्यालिएको लागुऔषध बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरी प्रहरीले राजविराजबाट बेवारिसे अवस्थामा रहेको लागुऔषध बिहीबार बरामद गरेको छ ।

राजविराज ८ स्थित पवि स्कूल नजिकबाट बोरामा राखेर फ्यालिएको एकसय एमएलको ९७ बोतल 'वनरेक्स' लागुऔषध बेवारिसे अवस्थामा बरामद गरेको हो ।

छिन्नमस्ता-राजविराज सडक खण्ड स्थित पर्ने बिष्णुपुर गाउँपालिका रोडमा मोटरसाइकलमा ल्याउँदै गरेको लागुऔषध प्रहरीले चेकजाँच गर्न खोज्दा व्यक्तिहरु प्रहरीलाई छलेर भागेको थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# सशस्त्र प्रहरी र तस्कर समूहबिच झडप

**दैनिक समाचारदाता**
**जनकपुर, २२ साउन ।**

भारतबाट अवैध रूपले ल्याउँदै गरेको सामान नियन्त्रणमा लिने क्रममा धनुषामा सशस्त्र प्रहरी र तस्कर समूहबिच झडप भएको छ ।

जिल्लाको विदेह नगरपालिका २ दुहबीस्थित आँप बगैंचामा बुधबार साँझ भारतबाट अवैध रूपले ल्याउँदै गरेको सामान नियन्त्रणमा लिने क्रममा झडप भएको हो ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म महिनाथपुबाट डीएसपीको कमाण्डमा रहेको सुरक्षा फौजले उक्त तस्करीको सामान नियन्त्रणमा लिन खोज्दा तस्कर र स्थानीय बासिन्दा जम्मा भई सुरक्षाकर्मीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए ।

स्थितिलाई नियन्त्रणमा लिने क्रममा सशस्त्र प्रहरी बलले एसएलआरबाट ४ राउण्ड हवाई फायर गरेको डीएसपी शैलेन्द्र थापाले बताए । सशस्त्र प्रहरीले एउटा मोटरसाइकल र केही किराना सामान नियन्त्रणमा लिएको छ ।

# मुटु, क्यान्सर र श्वासप्रश्वाससम्बन्धी रोगका बिरामी धेरै

काठमाडौं, २२ साउन (रासस) ।

लस्नेपालमा नसर्ने मुटु, क्यान्सर र श्वासप्रश्वाससम्बन्धी रोग धेरै देखिने गरेको छ । नसर्ने रोगबारे काम गरिरहेको संस्था नेपाल एनसिडी एलाइन्सका डा मनिता प्याकुरेलले नेपालमा नसर्ने रोग बढ्दै गएको बताउनुभयो । तीमध्ये मुटु, क्यान्सर र श्वासप्रश्वाससम्बन्धी रोग धेरै देखिने गरेको उहाँको भनाइ छ ।

प्रमुख नसर्ने रोगमा मुटु रोग ३० प्रतिशत, क्यान्सर नौ प्रतिशत र दीर्घकालीन श्वासप्रश्वाससम्बन्धी रोग १० प्रतिशत रोग लाग्ने गरेको उहाँले बताउनुभयो । नेपालमा आजभन्दा १५ वर्ष अघि अर्थात् सन् २०१० मा कूल मृत्युमध्ये ५१ प्रतिशत नसर्ने रोगबाट हुने गर्दथ्यो । सन् २०१४ मा मृत्युको सङ्ख्या बढेर ६० प्रतिशत पुगेको र सन् २०१६ मा त झन् बढेर ६६ प्रतिशत पुगेको जनाइएको छ । सन् २०१९ मा आइपुग्दा कूल मृत्युको ७१ दशमलव एक प्रतिशत हिस्सा नसर्ने रोगको भागमा परेको ग्लोबल वर्डेन अफ डिजिजको प्रतिवेदनमा उल्लेख छ ।

नसर्ने रोगको उपचारमा हुने खर्च अत्यधिक हुने गर्दछ र स्वास्थ्य क्षेत्रमा हुने कूल खर्चमध्ये सबैभन्दा बढी खर्च नसर्ने रोगमा नै हुने गरेको देखिएको छ । विश्वमा नसर्ने रोगका कारण वार्षिक ४३ लाख व्यक्तिको मृत्यु हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले सन् २०५० सम्ममा विश्वव्यापी मृत्यु गराउने पाँच प्रमुख कारण नसर्ने रोग नै हुने अनुमान गरेको छ ।

नसर्ने रोग धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन, अस्वस्थकर खानपान, शारीरिक निष्क्रियता, मद्यपान र वायु प्रदूषणले निम्त्याउने गरेको छ । एलाइन्सका सदस्य तथा स्वास्थ्य पत्रकार सरोज ढुङ्गेलले सरकारले नसर्ने रोगबारेमा आम नागरिकलाई समयमा सचेत गराउन आवश्यक रहेको बताउनुभयो ।

स्वास्थ्य पत्रकारमञ्च नेपालका पूर्व अध्यक्ष रामप्रसाद न्यौपानेले नसर्ने रोगको रोकथाम र नियन्त्रण गर्न सरकार जतिकै भूमिका पत्रकारको हुने भएकाले नसर्ने रोगबारेमा समाचार सम्प्रेषण गर्न आग्रह गर्नुभयो ।



## सम्पादकीय

### वर्षाले मधेशका किसानको अनुहारमा हरियाली

लामो प्रतीक्षापछि सप्तरीसहित मधेशमा शुरु भएको वर्षाले मधेशका किसानको अनुहारमा हरियाली फेरी फर्किएको छ । आकाशे भरमा आश्रित खेती प्रणालीमा निर्भर सप्तरीलगायत मधेश प्रदेशका किसानहरू वर्षाको आगमनसँगै फेरी आशावादी भएका छन् । साउनको तेस्रो साता सकिन लाग्दासम्म पानी नपरेपछि धान रोप्न पाएका थिएनन् धेरै किसान । जसले पहिले नै रोपाइँ गरेका थिए, उनीहरू पनि जमिन सुक्दै जाँदा धान बाली जोगाउने चिन्तामा थिए । सिंचाइका लागि बोर्डिङ्ग र मोटरहरूको भर थियो, तर जमिनको पानीको सतह यति तल झरेको थियो कि त्यो विकल्प पनि असफल हुन थाल्यो । कतै त खानेपानीसम्म टुटेको अवस्था थियो । तर पछिल्लो एकसाता देखि शुरु भएको वर्षाले जमिन मात्र होइन, किसानको मनमा पनि हरियाली छाएको छ । बाझो रहेको खेतमा पनि किसानले रोपाइँ गर्न थालेका छन् भने रोपिएका धानले पनि पुर्नजिवन पाएको छ ।

खडेरीका कारण सुकेका धेरै जसो कलहरुमा पानी आउन थालेपछि खानेपानीको समस्या पनि धेरैहद सम्म समाधान उन्नमुख देखिएको छ । यस वर्षको खडेरीले मधेशमा देखिएको जलसंकटले स्पष्ट संकेत गर्छन् कि जलवायु परिवर्तनको प्रभाव हाम्रो कृषि प्रणालीमा प्रत्यक्षरुपमा देखा पर्न थालेको छ । वर्षामा अनियमितता, जमिनको सतह घट्नु र सिंचाइको भरपर्दो संयन्त्रको अभाव मधेशका किसानको स्थायी चुनौती बनेको छ । खेतीपाती अझै पनि मौसमको कृपामा निर्भर रहेको यथार्थले कृषि नीतिमा पुनर्विचारको माग गरिरहेको छ ।

तसर्थ अबको प्राथमिकता भनेको मौसमी निर्भरता घटाउने दीर्घकालीन समाधान खोज्नु हो । सिंचाइ पूर्वाधारको विस्तार, जलस्रोतको संरक्षण, पानी भण्डारण प्रणालीको विकास र वैज्ञानिक कृषि प्रणालीलाई बढावा दिनु र किसानले केवल आकाश हेरेर बिउ छर्ने अवस्था अब अन्त्य हुनुपर्छ । यदि हामीले अहिले पनि कृषकको पिडा नबुझे र समाधानतर्फ नलागे, भोलिका दिनहरू अझै कठिन हुनेछन् ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कसरी घट्लान् आमा बन्दाका जोखिम ?

**अमृता अनमोल**

काठमाडौँ, २२ साउन (रासस) ।

एउटी महिला आमा बन्नु आफ्ना लागि सन्तान जन्माउनु मात्र होइन, देशका लागि नयाँ नागरिक जन्माउनु पनि हो । त्यसैले गर्भवती र सुत्केरीको सुरक्षाप्रति राज्यले जिम्मेवारी बोध गर्नेगरी काम गर्नुपर्छ । राज्यले गर्भवती र सुत्केरीका हरेक जटिलतालाई सहजै उपचार र अपनत्व लिनेगरी सेवामा पहुँच र गुणस्तर बढाउनु पर्छ ।

आमा सुरक्षित हुनका लागि सुरक्षित रूपमा गर्भवती र प्रसूति हुनुपर्छ । राज्यले नै स्वस्थ गर्भवतीले सुरक्षित शिशु जन्माउने वातावरण तयार गर्नुपर्छ । गर्भवती र नवजात शिशुको सेवालाई स्वास्थ्य मात्र होइन, अधिकारमुखी दृष्टिबाट पैरवी गर्नुपर्छ । यसले मात्रै मातृ मृत्युदर घटाउन र सुरक्षित आमा बन्न सघाउन सक्नेछ ।

गर्भवती सुत्केरी हुने सन्दर्भमा भनिने यौटा उखान छ, 'बाँचे आमा मरे काल ।' हुन पनि गर्भवती र सुत्केरी समय महिलाका लागि अत्यन्त संवेदनशील समय हो । यही संवेदनशीलता र जोखिम देखेर बुढापाकाले यो उखान बनाएका हुन् । तर, अहिले पनि गर्भवती र प्रसूति हुँदाका जोखिम कम भने भएका छैनन् । लुम्बिनी प्रदेशमा यो जोखिम अझ बढी छ ।

लुम्बिनीमा आमा बन्दा ज्यान गुमाउने महिलाको सङ्ख्या अन्य स्थानको तुलनामा बढी छ । देशभरमा मातृ मृत्युदर घटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार देशमा प्रतिएक लाख जीवित आमा बन्दा एक सय ६१ जनाको मृत्यु हुन्छ । तर, लुम्बिनीमा प्रतिएक लाख आमामध्ये दुई सय सात जनाले ज्यान गुमाउँछन् । यो मातृ मृत्युदर अन्य प्रदेशको तुलनामा बढी हो । जबकि सबैभन्दा विकट मानिने कर्णाली प्रदेशमा मातृ मृत्युदर एक सय ७२ छ । पहाड र हिमाल रहेको गण्डकी प्रदेशमा एक सय ६१ छ । अर्को हिमाली जिल्ला रहेको कोशी प्रदेशमा एक सय ५७ छ । मधेशमा एक सय ४०, सुदूरपश्चिममा एक सय ३० र बाग्मतीमा जम्मा ९८ छ ।

मातृ मृत्यु उच्च हुनुका कारण धेरै छन् । ज्यान गुमाउनेमा धेरै कुपोषण, उच्च रक्तचाप, मधुमेह, थाइराइड, मुटुको समस्या भएका महिला पर्ने गर्दछन् । यस्ता महिला गर्भवती र सुत्केरी हुँदा धेरै जटिलता हुने र मृत्युको मुखमा पुग्ने चिकित्सकहरू बताउँछन् । लुम्बिनी प्रदेशमा स्वास्थ्य संस्था टाढा भएकाले स्वास्थ्य संस्थामा लैजादा लैजादै, एक अस्पतालले 'रेफर' गरेपछि अर्को विशेषज्ञ अस्पतालमा छिटो नपुग्दा वा अलमलिँदा बाटोमै मृत्यु हुने आमाहरू धेरै छन् । परिवारले स्वास्थ्य संस्था लैजानेबारे निर्णय लिन ढिलाइ गर्दा र घरमै बच्चा जन्माउँदा पनि धेरैको सुत्केरी हुने क्रममा मृत्यु भएको छ ।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार लुम्बिनीमा प्रसूति हुनुपूर्व वा प्रसूतिपछि अत्यधिक रक्तश्रावले सबैभन्दा बढी २३ प्रतिशत सुत्केरीको मृत्यु हुने गरेको छ । यसलाई पोस्टपार्टम हेमोरोज भनिन्छ । सुत्केरी भएपछिको सङ्क्रमण, गर्भावस्थामा उक्त रक्तचाप र असुरक्षित प्रसूति तथा गर्भपतनले गर्दा यसो हुने गर्दछ । गर्भावस्थामा स्वास्थ्यमा ख्याल गर्ने हो भने यस्तो मृत्यु घटाउन सकिन्छ । यद्यपि, लुम्बिनी प्रदेशमा मातृ मृत्युका खास कारण पत्ता लगाउने एवं पत्ता लागेका कारण रोक्न अपेक्षा अनुसारका काम भएका पाइँदैनन् ।

कुपोषण लुम्बिनी प्रदेशका महिलामा देखिएको अर्को ठूलो समस्या हो । स्वास्थ्य तथा जनसाङ्ख्यिक सर्वेक्षणअनुसार १५ देखि ४९ वर्षका महिलामा धेरै रक्तअल्पता हुनेमा लुम्बिनी दोस्रो स्थानमा पर्दछ । मधेशका ५२ प्रतिशत महिलामा कुपोषण छ भने लुम्बिनीमा ४४ प्रतिशतमा छ । पन्ध्रदेखि ४९ वर्ष उमेरका महिलामध्ये मधेशमा सबैभन्दा बढी २९ प्रतिशत दुब्लो (ख्याउटे) छन् । यसपछि क्रमशः कर्णाली र लुम्बिनी आउँछन् ।

कर्णालीका २२ र लुम्बिनीका १९ प्रतिशत महिला ख्याउटे छन् । लुम्बिनी स्वास्थ्य निर्देशनालयको अध्ययन प्रतिवेदनअनुसार कम उमेरमा विवाह गर्ने, कम उमेरमा बच्चा जन्माउने आमा र तिनका शिशु सबैभन्दा बढी कुपोषित छन् । कतिपय पोषणयुक्त खाना खान नसक्ने, केही खाने र खुवाउने तरिका नमिल्दा पनि लुम्बिनीमा धेरै महिला र बालबालिकामा कुपोषण देखिएको हो । कुपोषित महिला गर्भवती हुँदा निजका जटिलता बढ्ने र प्रसूतिका बेला मृत्युको मुखमा पुग्ने गरेका छन् ।

लुम्बिनी प्रदेशमा आमा बन्ने महिलाको सहजताका लागि चार सय छ वटा बर्थिङ सेन्टर सञ्चालनमा छन् । आमा बन्दा सजिलो होस् भनेर सबै बर्थिङ सेन्टरमा २४सैँ घण्टा प्रसूति सेवा उपलब्ध छ । बाइस वटा अस्पतालमा गर्भवतीको निःशुल्क शल्यक्रिया हुन्छ । गर्भमा जटिलता हुनेका लागि ती अस्पतालले शल्यक्रिया सहितको निःशुल्क सेवा दिन्छन् । लुम्बिनी, भेरी र राप्ती विशेषज्ञ सेवासहितका अस्पताल हुन् ।

प्रदेशका १२ जिल्लामा ८४ जना नर्स अल्ट्रासाउण्ड सेवासहित घरदैलोमा खटेका छन् । यति हुँदा पनि लुम्बिनीमा मातृ मृत्युदर घटेको छैन । कतिपय स्वास्थ्य संस्थामा प्रसूति गराउने आवश्यक उपकरण छैनन् । उपकरण हुनेमा दक्ष जनशक्ति छैनन् । प्रसूति हुने महिलाका परिवार मात्र होइन, स्वास्थ्यकर्मीले पनि पूर्वतयारी नगर्दा पनि आमा मृत्युको मुखमा धकेलिएका छन् । स्वास्थ्य संस्था पुगे पनि नजिकमा विशेषज्ञ अस्पताल नहुँदा र त्यस्ता अस्पताल जाँदा हुने ढिलाइले पनि धेरै आमाहरूले ज्यान गुमाएका छन् । कतिपय अवस्थामा चिकित्सकको असावधानी छ । यसले गर्दा विशेषज्ञ अस्पताल पुगेका महिलाले पनि मृत्युको मुखमा पुगेका छन् ।

उसो त, जोखिममा परेका दुर्गमका गर्भवती तथा सुत्केरी महिलालाई तत्काल अस्पताल ल्याउन राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सरकारले निःशुल्क हवाई सेवा दिने गरेको छ । त्यसमा लुम्बिनी प्रदेशका रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, पाल्पा र गुल्मीका केही स्थान छनोट भएका छन् । तर, अस्पतालसँग सम्झौता नहुँदा जोखिमका सुत्केरीलाई पनि निःशुल्क हेलिकोप्टर सेवा दिएर उद्धार गर्न कठिनाइ हुँदै आएको छ । कतिपय स्वास्थ्य संस्थामा दरबन्दी अनुसार प्रसूति विज्ञ तथा नर्सिङ कर्मचारी पनि आवश्यक मात्रामा छैनन् । अस्पतालमा भौतिक पूर्वाधार कमजोर हुँदा पनि सहज प्रसूति सेवा पाएका छैनन् । यसले मातृ मृत्यु घटाउन चुनौती थपेको छ ।

लुम्बिनी प्रदेश सरकारले गर्भवतीलाई स्वास्थ्य स्वास्थ्य संस्था जान निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्न हरेक पालिकामा रु ६० हजार र जिल्ला तहका अस्पताललाई 'रेफर' गर्दा एम्बुलेन्स व्यवस्था गर्न भन्दै रु दुई लाख पठाउने गरेको छ । जिल्ला तहका अस्पतालबाट विशेषज्ञ अस्पताल लैजानुपर्ने गर्भवती र सुत्केरीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउन रु दुई लाख दिइन्छ । सङ्घीय सरकारले गर्भ परीक्षणलाई बढाउन नियमित गर्भजाँच गर्नेलाई रु सात सय र स्वास्थ्य संस्थामा प्रसूति हुन जानेलाई यातायात खर्चबापत रकम दिने गरेको छ ।

विकट स्थानका स्थानीय तहमा गर्भवती महिलाको घरघरमै परीक्षण थालिएको छ । यद्यपि, लुम्बिनी प्रदेशमा जोखिम मोलेर घरमा प्रसूति हुने गर्भवती धेरै छन् । उपचारमा जान ढिलाइ गर्ने गर्भवतीको सङ्ख्या पनि उल्लेख्य छ । यसले पनि मातृ मृत्युदर घटाउन नसकिएको हो ।

सुरक्षित आमा बन्नुमा महिलाको मात्र भूमिका हुँदैन । पति र निजका परिवारको पनि ठूलो भूमिका हुन्छ । मातृ मृत्युदर घटाउन घरपरिवारमा गर्भवती र सुत्केरीप्रति अपनत्वबोध हुनुपर्छ । गर्भवती हुँदादेखि सुत्केरी अवस्थामा महिलाको खानपान र रेखदेखमा परिवारले ध्यान दिनुपर्छ । जोखिमता आउन नदिन र आए तत्काल उपचारमा लैजान तम्तयार हुनुपर्छ । पोषिला र तागतिला खानेकुरा खाने वातावरण सिर्जना गरिदिनुपर्छ । गर्भ परीक्षणका लागि कम्तीमा आठपटक स्वास्थ्य संस्था पुऱ्याउनुपर्छ ।

नेपालको संविधानले महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक दिएको छ । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन, २०७५ लागू भएको छ । यसले गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनुपर्ने अधिकारलाई समेटेको छ ।

भरपर्दो सेवा दिनुपर्ने राज्यको कर्तव्य हो । सुरक्षित आमा बन्न गर्भवतीसँगै महिलाको परिवारलाई सही परामर्श दिनुपर्छ । गर्भवती र सुत्केरीको रेखदेख र उपचारमा परिवारलाई अभिमुखीकरण गरिनुपर्छ । राज्यले महिलाको गर्भमा शिशु रहेदेखि जन्मिने बेलासम्म रेखदेख गर्ने, शारीरिक र मानसिक रूपमा परामर्शसहितको सेवा दिने दक्ष प्रसूतिकर्मी अर्थात् 'मिडवाइफ'को सङ्ख्या बढाउनुपर्छ । मातृमृत्यु धेरै भएको लुम्बिनी प्रदेशका लागि छुट्टै कार्यक्रम ल्याउनुपर्छ ।

# जलवायु वित्त परिचालनको कार्यविधिको मस्यौदा तयार

काठमाडौँ, २२ साउन (रासस) ।

सरकारले जलवायु परिवर्तनबाट सिर्जित समस्याको समाधान गर्ने र अन्तरराष्ट्रिय क्षेत्रबाट प्राप्त हुने सहयोग रकमलाई प्रभावकारी रूपमा परिचालन गर्ने लक्ष्यका साथ नयाँ कार्यविधि प्रस्ताव गरेको छ । अर्थ मन्त्रालयले नयाँ 'जलवायु वित्त परिचालन कार्यविधि, २०८२' प्रस्ताव गरी सोको मस्यौदा तयार गरेको हो ।

हाल मस्यौदाका रूपमा तयार पारी सरोकार भएका निकायलाई आवश्यक राय सुझावका लागि पठाइएको हो । सो कार्यविधि तयार भई कार्यान्वयनमा आएपछि जलवायु परिवर्तनका कारण सिर्जित समस्याको समाधानका लागि कोसेढुङ्गा हुने विश्वास लिइएको छ ।

अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाले तयार पारी आवश्यक राय सुझावका लागि पठाइएको उक्त मस्यौदामा हानीनोक्सानी बापतको सम्बोधन, जलवायु अनुकूलन, उत्सर्जन न्यूनीकरण र कार्बन व्यापारको क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

नीति योजना तथा कार्यक्रम तय गर्दा नेपालको संविधान, प्रचलित नेपालको कानुन, सरकारले अन्तरराष्ट्रियस्तरमा गरेको प्रतिबद्धता, वैदेशिक सहायता

*बाँकी तीन पृष्ठमा*

# मधेसमा अपराध घटे पनि मृत्यु बढ्यो

**दैनिक समाचारदाता**
**जनकपुर, २२ साउन ।**

मधेस प्रदेशमा गत वर्षभन्दा अपराधको ग्राफमा खासै कमी आएको छैन । आर्थिक वर्ष २०८०/०८१ को तुलनामा गएको वर्षमा आपराधिक गतिविधि खासै कमी नआएको प्रदेश प्रहरीको तथ्याङ्कले देखाइरहेको छ । प्रदेशमा ०८०/०८१ भन्दा ०८१/०८२ मा २१ वटा मात्र आपराधिक गतिविधि कम भएको तथ्याङ्क छ ।

प्रदेश प्रहरीका १३ वटा शीर्षकमा ०८०/०८१ मा ९ हजार ६ सय २० वटा आपराधिक गतिविधिका मुद्दा दर्ता भएका छन् । यद्यपि गएको आर्थिक वर्ष ०८१/०८२ मा १३ वटै शीर्षकमा कुल ९ हजार ५ सय ९९ वटा मुद्दा दर्ता भएका थिए ।

गत वर्ष आपराधिक घटना तुलनात्मक रूपमा कम देखिए पनि ज्यानसम्बन्धी, भवितव्य ज्यान, फुटकर ज्यान, गर्भपतनजस्ता गम्भीर प्रकृतिका अपराध भने बढेको तथ्याङ्कमा देखिएको छ ।

प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणअनुसार ०८०/८१ मा ज्यानसम्बन्धी १६८ वटा घटना दर्ता भएका विवरण उल्लेख छ भने ०८१/०८२ मा १७३ वटा दर्ता भएको रेकर्ड छ । त्यसैगरी ०८०/८१ मा भवितव्यजन्य ५५३ वटा घटना दर्ता हुँदा त्यसपछिको वर्ष ६३५ वटा दर्ता भएका प्रहरीको रेकर्डमा छ ।

यस्तै अघिल्लो वर्ष ७६ वटा फुटकर शीर्षकमा घटना दर्ता भएका थिए भने ०८१/०८२ मा १११ घटना भएका प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

### गत वर्ष झन् बढीको मृत्यु

यसरी प्रदेश प्रहरीको तथ्यांकअनुसार ०८०/०८१ को तुलनामा ०८१/०८२ मा ३ सयभन्दा बढीको मृत्यु भएको देखिएको छ ।

२०८१/०८२ मा भएको कुल आपराधिक घटनाहरूमा २ हजार ६३० जनाको मृत्यु भएको देखिएको छ । जहाँ खुन डाका, कर्तव्य ज्यान, गर्भपतन, भवितव्य ज्यान, फुटकर ज्यान, आत्महत्यासम्बन्धी, करेन्ट लागेर र पानीमा डुबेर भन्ने शीर्षकमा मृत्युको रेकर्ड छ ।

यिनै शीर्षकहरूमा २०८०/०८१ मा भने २ हजार ३ सय १६ जनाको मृत्यु भएको देखिएको छ । अर्थात् अघिल्लो आवभन्दा ०८१/०८२ मा ३१४ जना बढीको मृत्यु भएको देखिन्छ ।

### कुन शीर्षकमा कतिको मृत्यु ?

मधेस प्रहरीले सार्वजनिक गरेको विवरणमा कर्तव्य ज्यान, खुन डाँका र गर्भपतनबाहेक अन्य शीर्षकमा मृत्यु हुनेको संख्या तीन अंकमा छ । अर्थात् हरेक मुद्दामा तीन अंकमा मान्छेको मृत्यु भएको देखिएको छ ।

कर्तव्य ज्यानमा ९८, खुन डाँकामा १ र गर्भपतनमा १५ जना मारिएका छन् । यसैगरी भवितव्य ज्यानमा ६३५ जना, ज्यानसम्बन्धी कसुरमा १७३ जना, फुटकर ज्यानमा १११ जनाको मृत्यु भएको प्रदेश प्रहरीको तथ्याङ्कले देखाउँछ ।

त्यसैगरी गएको आर्थिक वर्षमै आत्महत्यासम्बन्धी कसुरमा १ हजार २ सय २२ जनाको मृत्यु भएको देखिएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं डीएसपी विजय यादवले जानकारी दिए । उनका अनुसार गएको वर्ष सबैभन्दा बढी यही शीर्षकमा मृत्यु भएको थियो ।

यसैगरी करेन्ट लागेर ११९ र पानीमा डुबेर २५६ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय बताउँछ । करेन्ट लागेर ४ बालिका, १३ बालक, १८ महिला र ८४ जना पुरुषको मृत्यु भएको तथ्याङ्क छ । पानीमा डुबेर ५४ बालिका, ९६ बालक र २४ जना महिला तथा ८२ जना पुरुषको मृत्यु भएको प्रहरीको रेकर्डमा छ ।

### हरेक दिन कति जनाको मृत्यु ?

विवरण हेर्दा प्रदेशमा प्रत्येक महिना २१९ जनाको मृत्यु भइरहेको छ । अर्थात् प्रत्येक दिन ७ जनाभन्दा बढीको ज्यान गइरहेको देखिन्छ ।

### दुइ वर्षमा करिब पाँच हजारको मृत्यु

गत आवमा आपराधिक गतिवधिको संख्यामा नगण्य रूपमा कमी आए पनि मृत्युको दर भने घटेको देखिएको छैन । मधेसमा पछिल्ला दुइ वर्षमा करिब ५ हजार जनाको मृत्यु भएको प्रदेश प्रहरीको तथ्याङ्मा उल्लेख छ । २०८०/०८१ तथा ०८१ र ०८२ मा मात्रै ४९४६ जनाको मृत्यु भएको आँकडा छ ।

### के भन्छ प्रहरी ?

प्रदेश प्रहरी प्रवक्ता विजय यादवका अनुसार पछिल्लो समय प्रदेशमा मान्छेको ज्यान जानुको मुख्य कारण भवितव्य हो । जनचेतनाको कमीले यस्ता घटनाहरू भइरहेका उनले बताए । भने, 'प्रदेशमा बढी मान्छे आत्महत्या, करेन्ट लागेर र पानीमा डुबेर मृत्यु भएका छन्, यो भनेको भवितव्य हो ।'

अर्थात् लापरबाही र केही आवेगमा आएर भएका घटना बढी भएका उनले बताए । त्यसकारण आवेग र लापरबाही रोक्न जनचेतना जगाउन एकदम जरुरी रहेको उनको भनाइ छ ।

हत्याका घटनाहरू भने रिसइबीका कारण हुने गरेकोले त्यसतर्फ प्रहरीले पछिल्लो समय आफ्नो ध्यान केन्द्रित गरेको उनले बताए । यद्यपि पूर्वप्रहरी अधिकारीहरूले भने प्रहरीको अकर्मण्यताका कारण अपराध बढेको बताएका छन् ।

पूर्वएआइजी लालमणि आचार्य प्रहरीको केही हदसम्मको लापरबाहीले यस्ता घटना हुने गरेको बताए । प्रहरीले सक्रियता बढाए केही हदसम्म अपराध न्यूनीकरण हुने उनको बुझाइ छ । रातोपाटीबाट

## जलवायु वित्त...

परिचालन नीति, राष्ट्रिय अनुकूल योजना, प्रदेश तथा स्थानीय तहको अनुकूलन योजना, जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्यका योगदान, सरकारका वार्षिक नीति तथा कार्यक्रम र प्राथमिकतालाई ध्यान दिनुपर्नेछ ।

जलवायु परिवर्तनमा नेपालको खासै योगदान नभए पनि वातावरणमा समस्याका साथै प्राकृतिक सङ्कट व्यहोर्नु परेको छ । पानीका मुहान सुक्दै गएका, हिमाली क्षेत्रमा बाढीपहिरोको समस्या, हिमरेखा माथितिर सर्दै गएको, हिमालहरू काला पहाडमा परिणत हुँदै गएका छन् । बाढीपहिरोको जोखिम बढेको छ भने पानी पर्ने चक्रमासमेत परिवर्तन भएको छ ।

यी र यस्ता विद्यमान समस्याসँग जुध्ने उद्देश्यका साथ सरकारले उक्त मस्यौदा तयार पारेको हो । जलवायु परिवर्तनको असरको सामना गर्न थप स्रोतको आवश्यकता बढ्दै गएको छ । यसरी बढेको खर्चको आवश्यकतालाई सीमित आन्तरिक स्रोतले मात्र धान्न नसक्ने भए पनि बाह्य स्रोतको खोजी र पहुँच अभिवृद्धिका लागि नयाँ अवधारणा अगाडि सारिएको अर्थ मन्त्रालयले जनाएको छ ।

आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ६५ दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले जलवायु वित्त परिचालन कार्यविधि, २०८२ जारी गर्न लागेको उल्लेख गरेको छ । सो कार्यविधिको मस्यौदामा साझा जलवायु कोषको व्यवस्था गरिने उल्लेख छ । जलवायु वित्त परिचालनमा भएको खण्डीकरण र दोहोरोपना रोक्न साझा जलवायु कोष अवधारणा अनुसार जलवायु वित्तको परिचालन गरिनेछ ।

प्रदेश तथा स्थानीय तहमा कोषबाट रकम प्रवाह गर्दा सशर्त अनुदानको रूपमा प्रवाह गर्ने, जलवायु परिवर्तनको जोखिम, स्थानीय अनुकूलन योजना, जलवायुसम्बन्धी कार्यमा गरेको कार्यसम्पादन मूल्याङ्कनलगायत अन्य सूचकलाई आधार मान्ने उल्लेख छ । निजी क्षेत्रमा जलवायु वित्त परिचालन गर्न चाहेको खण्डमा मान्यता प्राप्त निकायले मन्त्रालयमा स्वीकृतिको लागि पेस गर्नुपर्ने प्रावधान राखिएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजबिराज

मिति :-२०८२/०४/२०

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. ८ झवर लाल देवको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे कमलपुर सा.कि.नं. ३२० को ज.वि. १-४-१४ मध्ये ०-५-५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. विपहरिया वडा नं.८ हाल राजबिराज न.पा. वडा नं. १३ वस्ने झवर लाल देवको नाति सुर्य नारायण प्रसाद देवको छोरा विजय कुमार देवको यस कार्यालयमा द.नं. २२८४४ मिति २०८१/१२/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३२० | झवरलाल देव | दिघवा | ६ख | ३५ | ०-२-११ | विजय कुमार देव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा झरीलालको न भै हाल सुर्य नारायण देवको नम्बरी हो भनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत


# विश्व समाचार

## अमेरिकी कर युद्ध बढ्दै जाँदा भारतीय प्रधानमन्त्री कृषिमा सम्झौता गर्न अनिच्छुक

नयाँदिल्ली, २२ साउन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय सामानमा ५० प्रतिशत कर लगाउने घोषणा गरेको एक दिनपछि प्रधानमन्त्री नरेन्द्र मोदीले कृषि क्षेत्रमा सम्झौता नगर्ने बताउनुभएको छ ।

नयाँदिल्लीले रूसी तेल खरिद गरेको भन्दै वासिङ्टनले बुधबार कर वृद्धि गर्ने घोषणा गरेको थियो । रुसी तेल युक्रेनमा मस्कोको युद्धका लागि प्रमुख राजस्व स्रोत हो ।

नयाँदिल्लीका लागि व्यापार वार्तामा एउटा मुख्य अड्चनको विन्दु भनेको भारतको विशाल कृषि र दुग्ध बजारमा पहुँच गर्ने वासिङ्टनको माग रहेको छ ।

भारत आफ्नो श्रम-प्रधान कृषि क्षेत्रप्रति दृढ रहेको छ तथा शक्तिशाली मतदाता समूह किसानहरूलाई रिसाउने जोखिम मोल्न चाहँदैन ।

"हामी हाम्रा किसानहरू, हाम्रो दुग्ध क्षेत्र, हाम्रा माछा मार्नेहरूको हितसँग सम्झौता गर्दैनौं", मोदीले नयाँदिल्लीमा एक सम्मेलनमा भन्नुभयो । उहाँको टिप्पणीलाई व्यापक रूपमा भन्सार शुल्कप्रति उहाँको पहिलो सार्वजनिक प्रतिक्रियाका रूपमा हेरिएको छ ।

"मलाई थाहा छ मैले यसका लागि व्यक्तिगत मूल्य चुकाउनु पर्नेछ, तर म यसका लागि तयार छु", उहाँले भन्नुभयो ।

भारतले पनि आनुवंशिक रूपमा परिमार्जित उत्पादनहरूको आयातलाई अनुमति दिन अस्वीकार गरेको छ ।

थप रूपमा, दुग्ध उत्पादनहरूको आयातलाई अनुमति दिएर गाईलाई पवित्र मान्ने भारतका बहुसङ्ख्यक हिन्दूहरूको सांस्कृतिक र धार्मिक संवेदनशीलतालाई बिगार्न सक्छ भन्ने नयाँदिल्लीलाई डर छ ।

यो भारतको विशेष भन्सार शुल्क व्यवहारको प्रारम्भिक आशाबाट धेरै फरक देखिन्छ । फेब्रुअरीमा, ट्रम्पले मोदीलाई आफूभन्दा 'धेरै कडा वार्ताकार' का रूपमा प्रशंसा गर्दै वासिङ्टन भ्रमण गर्दा मोदीसँग 'विशेष सम्बन्ध' पाएको बताउनुभएको थियो ।

विश्वको सबैभन्दा ठूलो जनसङ्ख्या भएको राष्ट्र र पाँचौं ठूलो अर्थतन्त्र भारतलाई अमेरिकी प्रशासनहरूले लगातार शक्तिशाली चीनको सामना गर्न समान विचारधाराका हितहरू भएको मुख्य साझेदारका रूपमा हेरेका छन् ।

भारत र छिमेकी चीन लामो समयदेखि दक्षिण एसियामा रणनीतिक प्रभावका लागि प्रतिस्पर्धा गर्ने तीव्र प्रतिद्वन्द्वी रहिआएका छन् ।

यसैबीच, भारतीय मिडियाका अनुसार तर अधिकारीहरूबाट पुष्टि नभएको, मोदीले अगस्टको अन्त्यमा चीन भ्रमण गर्न सक्नुहुनेछ । यो सन् २०१८ पछि उहाँको पहिलो भ्रमण हुनेछ ।

मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङले अन्तिम पटक सन् २०२४ को अक्टोबरमा रुसमा भेट गर्नुभएको थियो ।

## भारतमा 'पृथकतावाद' का लागि विवादित काश्मीरमा २५ पुस्तक प्रतिबन्धित

श्रीनगर (भारत), २२ साउन (रासस/एएफपी) ।

काश्मीरका भारतीय अधिकारीहरूले बुकर पुरस्कार विजेता अरुन्धती रायको एक कृतिसहित २५ पुस्तक प्रतिबन्धित गरेका छन् । यी शीर्षकहरूले विवादित मुस्लिम बहुल क्षेत्रमा 'पृथकतावादलाई उत्तेजित' गरेको भन्दै अधिकारीहरूले प्रतिबन्धित गरेका हुन् ।

सरकारी आदेशले लेखकहरूलाई भारतीय राज्यविरुद्ध 'युवाहरूलाई भ्रममा पार्न, आतङ्कवादलाई महिमामण्डन गर्न र हिंसा भड्काउन' महत्त्वपूर्ण भूमिका खेल्दै काश्मीरका बारेमा 'झुटो कथा' प्रचार गरेको आरोप लगाएको छ ।

यो फेब्रुअरीमा अधिकारीहरूले पुस्तक पसल र घरहरूबाट इस्लामिक साहित्यहरू जफत गरेको आदेशहरूपछि आएको हो ।

सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै काश्मीर भारत र पाकिस्तानबीच विभाजित भएको छ र दुवैले यस हिमालय क्षेत्रलाई पूर्ण रूपमा दावी गर्छन् ।

विद्रोही समूहहरूले सन् १९८९ देखि काश्मीरको भारतीय शासन विरुद्धमा स्वतन्त्रता वा पाकिस्तानमा विलयको माग गर्दै विद्रोह गरेका छन् ।

नयाँदिल्लीको प्रत्यक्ष शासन लागू भएको छैटौं वार्षिकोत्सवमा यो आदेश मङ्गलबार जारी गरिएको थियो । यद्यपि प्रतिबन्धलाई व्यापक ध्यानमा ल्याउन समय लाग्यो ।

गत नोभेम्बरमा, काश्मीरले नयाँदिल्लीको प्रत्यक्ष नियन्त्रणमा आएपछि आफ्नो पहिलो सरकार चुन्यो । मतदाताहरूले विपक्षी दलहरूलाई आफ्नो क्षेत्रीय सभाको नेतृत्व गर्न समर्थन गरे ।

स्थानीय सरकारसँग सीमित शक्तिहरू छन् र क्षेत्र सबै व्यावहारिक उद्देश्यहरूका लागि नयाँदिल्लीले नियुक्त गरेको प्रशासकद्वारा शासित भइरहेको छ ।

प्रतिबन्धले रायको सन् २०२० को निबन्ध पुस्तक 'आजादीः स्वतन्त्रता, फासीवाद, कथा' सहित 'गलत कथा र पृथकतावाद प्रचार गर्ने पहिचान गरिएको' भनिएका २५ वटा पुस्तकलाई सूचीबद्ध गरेको छ ।

त्रिसठ्ठी वर्षीया राय भारतका सबैभन्दा प्रसिद्ध जीवित लेखकहरू मध्ये एक हुनुहुन्छ तर उहाँको लेखन र सक्रियता, प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको कडा आलोचना सहित उहाँलाई घरमा ध्रुवीकरण गर्ने व्यक्तित्व बनाएको छ ।

प्रतिबन्धित अन्य पुस्तकहरूमा शिक्षाविद्हरूको शीर्षकहरू समावेश छन्, जसमा भारतका अग्रणी संविधान विशेषज्ञहरू मध्ये एक एजी नुरानी र लन्डन स्कूल अफ इकोनोमिक्समा राजनीति विज्ञान पढाउने सुमन्त्र बोसका पुस्तकहरू छन् ।

# चुरे क्षेत्रको संरक्षण गर्न तीनै तहको सरकार र स्थानीयबीच सहकार्य आवश्यक : कार्यवाहक प्रधानमन्त्री सिंह




सिरहा, २२ साउन (रासस)।
कार्यवाहक प्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले चुरे क्षेत्रको संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि तीनै तहको सरकार र स्थानीयबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ।
लहानमा निर्माण सम्पन्न भएको नयाँ व्यापारिक भवनको बिहीबार यहाँ एक समारोहबीच उद्घाटन गर्दै कार्यवाहक प्रधानमन्त्री सिंहले चुरेको दीर्घकालीन संरक्षणले मधेसमा देखिएको वातावरणीय समस्या समाधान हुने उल्लेख गर्नुभयो।
"नेपालको अर्थतन्त्रलाई अघि बढाउने क्रममा सहरी विकास तथा भवन निर्माण विभागले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दछु", उहाँले भन्नुभयो। भवन निर्माण समयमै सम्पन्न गरेकामा प्रशंसा गर्दै कार्यवाहक प्रधानमन्त्री सिंहले यसले आयोजना समयमै सकिन्छ भन्ने सकारात्मक सन्देश दिएको उल्लेख गर्नुभयो। भवनको सही व्यवस्थापन र उपयोग गरिनुपर्नेमा उहाँले जोड दिनुभयो।
कार्यक्रममा संविधानसभा सदस्य तथा नेपाली कांग्रेस सिरहाका सभापति रामचन्द्र यादवले जिल्लाको कृषि क्षेत्रको विकासका लागि कमला नदी र कोशी नदीबाट पानी ल्याई सिँचाइ आयोजना निर्माण गर्न आवश्यक रहेको बताउनुभयो। किसानलाई आवश्यक मलखाद सहज रुपमा उपलब्ध गराउन उहाँले सरकारसँग माग गर्नुभयो।
लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले लहानलाई वीरगञ्ज र जनकपुरपछिको तेस्रो ठूलो व्यापारिक केन्द्रका रूपमा चिनाउँदै, सुविधा सम्पन्न भवनले नगरको आर्थिक गतिविधि अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। सघन सहरी तथा भवन निर्माण आयोजनाका आयोजना प्रमुख सुरेन्द्रकुमार साहका अनुसार सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरीअन्तर्गत लहान-६ र ७ मा रु ३१ करोड ८८ लाखको लागतमा उक्त बहुउद्देश्यीय भवन निर्माण गरिएको हो। सो भवन लहान नगरपालिकालाई हस्तान्तरण गरिएको छ।

# स्वास्थ्य तथा सामाजिक सेवामा सुधार

**दैनिक समाचारदाता**
**जनकपुर, २२ साउन।**
संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोषको सहयोगमा सञ्चालित कार्यक्रमपछि मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा र सप्तरीका १७ पालिकामा स्वास्थ्य तथा सामाजिक सेवामा सुधार देखिएको छ।
जनवरी २०२५ देखि सञ्चालनमा आएका ती कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा बिहीबार जनकपुरधाममा सम्पन्न भयो। समीक्षा बैठकमा सहभागी पालिकाहरूका शाखा प्रमुखहरूले तोकिएको लक्ष्यभन्दा बढी प्रगति भएको जानकारी दिए।
जनसंख्या कोषका मधेस प्रदेश प्रमुख डा.नरेन्द्र कुमार मिश्रले परिवार नियोजनका साधनसहित अन्य सेवाहरू हाल प्रदेशका १३६ पालिकामा विस्तार गरिएको बताए।
कार्यक्रममा कोषले प्रसूति सेवा सुधार, लैङ्गिक हिंसा नियन्त्रण, बालविवाह न्यूनीकरण, विपद् व्यवस्थापन र अनुसन्धानमा गरेको कामबारे जानकारी दिइयो।
मधेस प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले मातृ तथा शिशु मृत्यु दर घटाउन थप प्रयास आवश्यक रहेको भन्दै बालविवाह, दाइजो र भागी विवाह अन्त्यका लागि तीन तहका सरकार तथा साझेदार संस्थाबीच सहकार्य गर्नुपर्ने आवश्यकता औँल्याए।
स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवले सङ्घीयता आएपछि स्वास्थ्य क्षेत्रमा सुधार देखिएको बताए।
समाज कल्याण मन्त्रालयका सचिव रञ्जित कुमार यादवले सामाजिक क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको उल्लेख गरे।
कार्यक्रममा विभिन्न पालिकाका शाखा प्रमुख, प्रदेश सरकारका अधिकारीहरूको उपस्थिति थियो।

# 'सरकारी अनुदानको मलले किसानको माग पूरा गर्न मुस्किल'

पर्सा, २२ साउन (रासस)।
जिल्ला प्रशासन कार्यालय पर्साले रासायनिक मल वितरण प्रणालीलाई व्यवस्थित र पारदर्शी गराउनका लागि कृषि सहकारी संस्था र थोक विक्रेता (डिलर)लाई निर्देशन गरेको छ।
रासायनिक मल वितरण वास्तविक किसान समक्ष नपुगेको गुनासो बढेसँगै प्रशासनले आज यहाँ सरोकारवाला निकायसँग छलफल गरेर मल वितरण प्रणालीलाई वस्तुगत र पारदर्शी बनाउनको लागि निर्देश गरेको हो। कार्यालयले कृषि उपभोक्ता सहकारी संस्थाद्वारा सस्तो मूल्यमा वितरण गर्ने रासायनिक मल वितरण प्रणालीमा गुनासा भएकाले पनि व्यवस्थित वितरण प्रणाली विकास गर्न अनुरोध गरेको छ।
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले कृषि उपभोक्ता समितिले सस्तो र सुलभ मूल्यमा वितरण गर्नुपर्ने रासायनिक मल एग्रोभेट कम्पनीलाई वितरण गर्ने गरेकाले पनि सो नगर्न निर्देशन दिनुभयो। "कतिपय कृषि उपभोक्ता समितिले अनुदानबापत सस्तो मूल्यमा पाएको मल वास्ताविक किसानलाई उपलब्ध नगराएर बिक्री वितरण गर्ने गुनासा आइरहेका छन्," उहाँले भन्नुभयो,"प्रशासनले मल वितरण प्रणालीमा नियमित अनुगमन गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउने छौं।" प्रजिज अर्यालले रासायनिक मल वितरणमा पारदर्शता अपनाउँदै व्यवस्थित खालको वितरण संरचना बनाउन आग्रह गर्नुभयो।
कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले सरकारले तोकेको कोटाअनुसारको मल स्थानीय पालिकाको सिफारिसमा सम्बन्धित पालिकाका सहकारी संस्था तथा डिलरलाई उपलब्ध गराउने गर्छन्। रासायनिक मल खेतीयोग्य जमिनको क्षेत्रफल, विगत आवको मलको खपतको अभिलेख र बाली सघनताको आधारमा स्थानीय तहको कोटाअनुसार रासायनिक मलको बाँडफाँट गर्ने गरिन्छ।
कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख दुर्गाप्रसाद पाण्डेले कृषि सहकारी संस्थाले किसानबाहेक अन्यलाई रासायनिक मल बिक्री वितरण गरेको खण्डमा कारबाहीको दायरामा ल्याउने बताउनुभयो। सरकारलेप्रति ५० किलोग्राम युरिया मल रु सात सय ५०, डिएपी मल दुई हजार दुई सय र पोटास मल रु एक हजार पाँच सयमा उपलब्ध गराउँदै आइरहेको छ। कृषि सहकारी उपभोक्ता समितिले सो मूल्यमा यातायात खर्चभने जोडेर लिन पाउनेछन्।
साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रादेशिक कार्यालयका प्रमुख आमोज लामिछानेले पर्सामा कूल रासायनिक मलको ६० प्रतिशत मात्रै उपलब्धता हुँदै आइरहेको बताउनुभयो। "सरकारी अनुदानको मलले बजारको माग धेनै मुस्किल छ," उहाँले भन्नुभयो,"विगतमा प्रति चार किलोग्राम मल छर्ने गरेकोमा अहिले प्रतिकठ्ठा आठ देखि १० किलो छर्ने भएकाले पनि समस्या भएको छ।" टारीमाई कृषि सहकारी संस्थाका अध्यक्ष हरेराम साहले वीरगञ्जको बजारक्षेत्रबाट ग्रामीण क्षेत्रमा टयाक्टरबाट मल लैजाउँदा ठाउँपिच्छे नै ट्राफिक प्रहरीलाई एक सयका दरले पैसा दिनुपर्ने गुनासो गर्नुभयो।
वीरगञ्जको पावरहाउसचोक, गण्डकचोक, ड्राईपोर्ट, तिलावे लगायतका स्थानमा ठाउँपिच्छे नै एक सयका दरले पैसा बुझाउनुपर्ने हुन्छ। सो हुँदा पनि अझै मर्कामा परिरहेका छौं। जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टले अनावश्यक दुःख दिने ट्राफिकको उजुरी गरेमा तत्कालै कारबाही गरिने प्रतिबद्धता व्यक्त गरे। वीरगञ्ज महानगर १९- का कृषि सहकारीका अध्यक्ष लक्ष्मण साहले वडाध्यक्ष र अन्य राजनीतिक व्यक्तित्वको दवाबको कारणले पनि व्यवस्थित ढङ्गले मल वितरण गर्न नसकेको बताए।"एक त माग अनुसारको रासायनिक मलको आपूर्ति हुनै सकेको छैन," उहाँले भन्नुभयो,"पाएको सीमित मल बाँडफाँड गर्न निकै झन्झट रहेको छ।"

# मधेश प्रदेशमा धान रोपाई १० प्रतिशतले वृद्धि

**दैनिक समाचारदाता**
**जनकपुर, २२ साउन।**
पछिल्लो केही दिन यता मधेश प्रदेशका जिल्लाहरूमा भएको वर्षाका कारणले मधेश प्रदेशमा धान रोपाई १० प्रतिशतले वृद्धि भएको छ।
पछिल्लो चार दिन यता मधेश प्रदेशका जिल्लाहरूमा धानको रोपाइमा वृद्धि भएर ५७ प्रतिशत रहेको धानको रोपाइबाट वृद्धि भएर ६७ प्रतिशत पुगेको मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दहालले जानकारी दिएका हुन्।
ढिलो गरि वर्षा भएका कारणले यस पटक धानको रोपाइमा ढिलाई भएपनि पछिल्लो दिनमा वर्षा भएका कारणले धानको रोपाई यस पटक ८० प्रतिशत हुने अनुमान सचिव डा. दहालले गरे। गत वर्षा मधेश प्रदेशका जिल्लाहरूमा ९५ प्रतिशतले धान रोपाई भएको थियो।
यसपटक ढिलो गरि वर्षा भएका कारणले किसानहरु ढिला गरेर भएपनि रोपाई गर्ने क्रममा तीव्रता दिएका कारणले धान रोपाइको प्रतिशतमा वृद्धि हुँदै जाने अवस्था रहेको मन्त्रालयले जनाएको छ।
गत वर्ष मौसम अनुकूल रहेको र रासायनिक मलको सहज आपूर्ति भएका कारणले १४ लाख मेट्रिक टन धानको उत्पादन भएका थिए। मधेश प्रदेशका जिल्लाहरूमा रहेका ५ लाख ४२ हजार ५ सय ८० दशमलव ७८ हेक्टर क्षेत्रफल कृषि योग्य जमिन मध्ये ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ।
मधेश प्रदेशका ८ जिल्ला मध्ये सबैभन्दा बढी धान खेती सप्तरी जिल्लामा हुने गरेको छ। सप्तरी जिल्लामा कूल कृषि योग्य भूमि मध्ये ६८ हजार हेक्टरमा धान खेती हुने गरेको छ भने सबै भन्दा कम रौतहट जिल्लामा हुने गरेको छ।। रौतहट जिल्लामा ३५ हजार हेक्टरमा धान खेती हुने गरेको छ।
यस पटक ढिलो गरि वर्षा भएका कारणले धानरोपाईमा किसानहरु अहिले पनि जुटेका छन्। धान रोपाइको क्रम यस महिना भरि चल्ने भएपनि ढिला रोपाई भएका कारणले धानको उत्पादन असर पर्ने कृषि क्षेत्रका विज्ञ रहनु भएका खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत युगल किशोर तिवारीले बताए। धान रोपाइका लागि असार महिना तथा साउनको पहिलो साता उपयुक्त रहेको छ।

***बेवारिसे अवस्थामा ...***

त्यहाँबाट प्रहरीले पछ्याउँदै आएपछि कारोबारीहरु बोरामा ल्याउँदै गरेको लागुऔषध पवि स्कूल नजिक बेबारिसे अवस्थामा फालेर फरार भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिदै लागुऔषध नियन्त्रणमा लिएर थप अनुसन्धान भईरहेको बताए।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*